| मनसुन सुरु भएदेखि मिति २०८१।०४।०४ सम्म बागलुङ जिल्लामा घटेका विपद्जन्य घटनाहरुको विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | महिना | जिल्ला | घटना शिर्षक | मिति/समय स्थान | घटनाको तथ्यपूर्ण विवरण ( मृत्यू र घाईते समेत खुलाउने |
| १ | असार | जैमिनी न.पा. १ जिम्रीघाट | गोठ तथा घरमा रुख ढलेको | २०८१।०३।०२ गते | ऐ. स्थित बस्ने वर्ष ९८ को ललित प्रसाद उपाध्यायको घर र गोठ माथि रहेको काब्रोको रुख हावा हुरी तथा बर्षाको कारण उक्त रुख निजको ढुङ्गा माटोले बनेको टिनले छाएको एक तले कच्ची गोठ माथि ढल्न जाँदा गोठ पुर्ण रुपमा क्षती भएको, सटिएर रहेको ढुङ्गा माटोले बनेको ढुङ्गाको छानो भएको २ तले कच्ची घरको उत्तर साईडमा आंशिक रुपमा क्षती भएको, मानविय तथा चौपाया क्षती नभएको । |
| २ | असार | गल्कोट न.पा. ०८ बिसौना | पहिरोले घर पुरिएको | २०८१।०३।१५ गते | ऐ. स्थित बस्ने वर्ष ५५ को प्रेम बि.क. को ढुङ्गामाटोले बनेको कच्ची घर देखि अ. ३०० मिटर माथीबाट पहिरो आई घर पुरीन जाँदा निज प्रेम बि.क. र निजको श्रीमती वर्ष ५० की बसन्ती बि.क. घर भित्र पुरीएको भन्ने खबर ऐ. वडाका वडा अध्यक्ष तेज प्रसाद सापकोटाले जानकारी गराउन साथ तत्काल उक्त स्थानमा प्र.चौ. हटियाबाट प्र.ना.नि. तोरणधोज पौडेल र इ.प्र.का. गल्कोट बागलुङबाट प्र.नि. थमन सिंह रानाको कमाण्डमा १४ जनाको प्रहरी टोली खटिगएको उक्त स्थान देखि अ. १० कि.मि. पश्चिम पर्ने थप अफडेटः- ऐ.०७:४० बजेको समयमा वर्ष ५० की बसन्ती बि.क. र ऐ. ०९:१२ बजे वर्ष ५० को प्रेम बि.क. मृत अवस्थामा फेला परेको ।<br>नजिकै रहेको प्रेम वि.क.को गोठ पुरिन जाँदा गोठमा रहेका १ भैसी, ३ बाख्रा, ऐ.बस्ने गिरी प्रसाद बुढाथोकीको गोठ पुरीन जाँदा गोठमा रहेको ३ भैसी,२ बाख्रा मृत अवस्थामा फेला परेको थप अपडेटः ऐ. १०:४० बजे घटना स्थलको मुचुल्का कार्य समाप्त पश्चात शव पो.मा. को लागि नगर अस्पताल गल्कोट बागलुङ ल्याई ऐ. १६:१५ बजे पो.मा. पश्चात मृतकको साला मनबिरं कामीले बुझेको, उक्त पहरोबाट अ. ३०,००,००० (तीस लाख) बराबरको क्षती भएको । |
| ३ | असार | बडिगाड गा.पा.४ नैटुल | पहिरोले गाडि पुरिएको | २०८१।०३।१५ गते | ऐ. स्थितमा नैटुला देखी खैलार भित्री सडक खण्डमा सडक छेउमा पार्किङ गरी राखेको ग १ ज ६३१५ नम्वरको पिकअफ भ्यान माथीबाट पहिरो आई पुरीएको भन्ने खबर ऐ.१४:०० बजेको समयमा खबर प्राप्त हुना साथ तत्काल उक्त स्थानमा प्र.चौ.ग्वालीचौरमा प्र.स.नि.उत्तम अर्मजाको कमाण्डमा २ जनाको टोली खटिगएको, पिकअफ भ्यान क्षती भएको, मानविय क्षती नभएको. चालक, सवारी धनि सम्पर्कमा रहेको, निकाल्ने कार्य जारी रहेको,१५ कि.मि.पुर्व पर्ने, अ. १.१०,०००।– (एक लाख दश हजार) बराबरको क्षति भएको । |
| ४ | असार | जैमिनी न.पा.-५ | बाढिले घर बगाएको | २०८१।०३।१५ गते | ऐ. स्थितमा अविरल बर्षाको कारण ठेउले खोलामा पानीको बहाव बढ्न जाँदा खोलाको छेउमा रहेको ऐ.बस्ने वर्ष ४२ की मञ्जु श्रेष्ठको बाँसले बारेको टिनले छाएको किराना पसल बगाएको भन्ने खबर ऐ.१४:०० बजे प्राप्त हुना साथ तत्काल उक्त स्थानमा प्रहरी चौकी कुश्मिसराबाट प्र.स.नि. हरिहर शर्माको कमाण्डमा ३ जना प्रहरी टोलि खटिगएको उक्त घर सहित अ. ४.००,०००।– (चार लाख) बराबरको क्षति भएको । |
| ५ | असार | बरेङ गापा ५ सुखौरा | पहिरोले गोठ पुरिएको | २०८१।०३।१५ गते | ऐ. स्थित बस्ने देव बहादुर खत्रीको गोठमा माथीबाट पहिरो आई गोठ पुरीन जाँदा गोठमा रहेको २ भैसी मृत्यु भएको, उक्त पहिरो पन्छाउने क्रममा ऐ. वडाका वडा अध्यक्ष अम्वर बहादुर शेरपुर्जालाई खुट्टामा चोट लागी उपचारको लागी जिल्ला गुल्मी शान्तीपुर पठाईएको अवस्था सामान्य भन्ने खबर ऐ.०९:३० बजेको समयमा सुचना प्राप्त हुना साथ तत्काल उक्त स्थानमा इप्रका बरेङबाट प्रसनि चुडामणी भुषालको कमाण्डमा २ जनाको प्रहरी टोली खटिगएको, उक्त स्थान यस चौकीबाट १८ कि.मि.उत्तर पर्ने, सोही पहिरोले ऐ. बस्ने सन्त बहादुर पुर्जाको गोठ समेत पुरीन जाँदा गोठमा रहेको १ वटा भैंसी पुरीन गई मृत्यु भएको र ऐ. १६:०० बजे घाईते डिस्चार्ज भएको. उक्त पहिरोबाट अ. ५,००,००० (पाँच लाख) बराबरको क्षति भएको । |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

२०८१।४।६

खिम बहादुर वि.क.
प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | असार | बागलुङ न.पा.-६ पञ्चकोट | पहिरोले प्रहरी चौकी बगाएको | २०८१।०३।२२ गते | ऐ. स्थितमा रहेको प्र.चौ. पञ्चकोट माथी रहेको पञ्चकोटधाम मन्दिर जाने बाटो (सिंडी) मा लगाएको पर्खाल अविरल वर्षाको पहिरो गई भत्किन जाँदा प्र.चौ. पञ्चकोट बागलुङको ४ कोठे कच्ची भवनको ३ वटा कोठाहरु पुरिई क्षती भएको, चौकीमा कार्यरत प्र.क. हरु सबैं सुरक्षित रहेको, मानविय चौपाय क्षती नभएको, उक्त स्थानमा उक्त चौकी बसेको जग्गा पञ्चकोटधाम मन्दिरको रहेको र भवन समेत सोही मन्दिरको रहेको भन्ने बुझिएको, अन्य क्षतीको विवरण आउन बाँकी, उक्त स्थान जि.प्र.का. बागलुङबाट अं. १० कि.मि. पश्चिम पर्ने, चौकीमा रहेको प्र.स.नि. लिकराज न्यौपानेको कमाण्डमा-५ जनाको प्रहरी टोली ऐ. मन्दिरको सभाहलको भवनमा स्थान्तरण भएको ।<br>क्षतीको बिबरण:- प्र.चौ. मा रहेको हतकडी थान १, खाट थान ३, काठको दराज थान १, काठको कुर्ची थान २, हिमाली ज्याकेट थान ३, कार्यालयको ध १ ब ११ नं.को मो.सा.क्षती, बेन्च थान ३, बेल्चा थान २, गल थान १, गैंती थान १, घन थान १, हसिया थान १, म्याट्रेक्स थान ४, कार्यालयको कागजपत्र सबै क्षति र प्र.क. हरुको नगद रु. २७१५० सहित लत्ता कपडा सबै पुरीएको । |
| ७ | असार | गल्कोट नपा ११ रिघा | पहिरोले अवरोध | २०८१।०३।२३ गते | स्थित मध्यपहाडी लोकमार्ग अ. १०० मिटर माथिबाट पहिरो खस्न गई सडक पुर्णरुपमा अवरोध भएको, मानविय तथा चौपाय क्षति नभएको। सडक सुचारु भएको। |
| ८ | असार | बागलुङ नपा ७ तितौरे | पहिरोले मानिस मृत्यु | २०८१।०३।२६ गते | २०८१।०३।२६ गते अ.२३:०० बजे परेको अविरल वर्षाको कारण ऐ. स्थित बस्ने बर्ष अ.५८ की खिर कुमारी शर्मा घरमा सुती रहेको अवस्थामा घर माथीबाट पहिरो आई पुरिएको अवस्थामा छ भन्ने खबर मिति २०८१।०३।२७ गते अ.०६:१५ बजे खबर प्राप्त हुनसाथ तत्काल उक्त स्थानमा प्र.चौ पञ्चकोट बागलुङबाट प्र.स.नि लोकराज न्यौपानेको कमाण्डमा ४ जनाको प्रहरी टोली खटिईगएको, निज घरमा एक्लै बस्ने भन्ने बुझीएको, निज खिर कुमारी शर्मा मृत अवस्थामा फेला परेको। |
| ९ | असार | बगलुङ नपा ९ तित्याङ | पहिरो आई गोठ क्षती | २०८१।०३।२६ गते | ऐ. स्थितमा परेको अविरल बर्षाको कारण भद्र बहादुर थापाको ढुङ्गा माटो र टिनको छानो भएको २ तले कच्ची गोठ माथिबाट पहिरो आई गोठ पूर्ण रुपमा क्षती भएको भन्ने खबर ऐ.२७ गते १०:२० बजेको समयमा यस का.मा जानकारी प्राप्त हुनासाथ नगर प्रहरी कार्यालय बागलुङबाट प्र.ह. राम बहादुर थापा क्षेत्रीको कमाण्डमा २ जना र गण्डकी प्रदेश विपद व्यवस्थापन गुल्म बागलुङबाट प्र.ह. दामोदर पौडेलको कमाण्डमा ५ जनाको टोलि खटिईगएको, २ वटा भैसी र ४ वटा बाख्रा पुरिई मृत्यु भएको र गोठको माथिल्लो तलामा फर्निचर समेत रहेकोमा फर्निचरका सम्पुर्ण सामानहरु पुरिई अं.१५,००,०००।– (पन्ध्र लाख) बराबरको क्षती भएको, मानविय क्षती नभएको । |
| १० | असार | जैमिनी न.पा ०८ पाटा | पहिरोले सरकारी मो.सा पुरिएको | २०८१।०३।२९ गते | स्थीत कालिगण्डकी करिडोरमा माथिबाट पहिरो आई कालिगण्डी करिडोर पुर्ण रुपमा अबरोध भएको साथै सोही पहिरोले ऐ.ऐ बस्ने बर्ष २६ को शिब प्रसाद पौडेलले(फलेवास न.पा.को लेखापाल) पार्कीङ गरी राखेको जिल्ला पर्बत फलेवास न.पा को.ध१ब ५४० नं.को.मो.सा पुरिएको भन्ने खबर यस चौकीमा प्राप्त हुनसाथ,बाटो खुलाउने,मो.सा निकाल्ने पहल भईरहेको,उक्त स्थान प्र.चौ छिस्ती बागलुङबाट अ. १ कि.मि पश्चिम पर्ने, ऐ.१०:४० बजे सडक सुचारु भएको. मो.सा. पहिरोबाट बाहिर निकाली लेखापालको जिम्मा लगाईएको. पूर्ण रुपमा क्षती भएको । |

२०८१।४।४
खिम बहादुर वि.क.
प्रशासकीय अधिकृत